# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश

प.सं.: ०७७/०७८/प्रशासन
च.नं.: 3025

मिति:२०७७/१०/२०

विषयः सूचना प्रकाशन गर्ने बारे।

श्री वडा कार्यालयहरु(सबै)
ति. न. पा., रुपन्देही।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. ०७७/०७८, च.नं./PMEP/२४० मिति २०७७/१०/०८ र सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.सं. २०७७/०७८ च.नं. २८८ मिति २०७७/१०/०९ को सीपमूलक तालिम सम्बन्धी जानकारी सम्बन्धी पत्र तथा सो सँग प्राप्त सूचना र लघु, घरेलु तथा साना उद्योग प्रबर्द्धन केन्द्र, त्रिपुरेश्वर, काठमाण्डौंको आवेदन दिने म्याद थप सम्बन्धी सूचनाको छायाँ प्रति थान ७ (सात) संलग्न छ। सोही अनुसार सर्वसाधारणको जानकारीका लागि सूचना टाँस गर्नुका साथै टोल विकास संस्था मार्फत सूचना सम्प्रेषण गर्नुहुन अनुरोध छ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७७/७८
च.नं./PMEP/ २४०

मिति : २०७७/१०/०८

श्री गाउँपालिका/नगरपालिका, सबै।
मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

विषय : सीपमूलक तालिम सम्बन्धी जानकारी सम्बन्धमा ।

*लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वर काठमाण्डौ* *(www.mcsipc.gov.np)*को प.सं.०७७/७८ च.नं.१०३ मिति २०७७/१०/०५ को पत्र मार्फत कोभिडको प्रभावपछि वैदेशिक रोजगारी गुमाई नेपाल फर्केका वा मुलुकमा बेरोजगार भईरहेका नागरिकलाई सीपमूलक तालिम लिई स्वरोजगार हुने एवं उद्यम संचालन गराउन उत्प्रेरित गर्ने उद्देश्यले ६० वटा सीपमूलक तालिम संचालन हुन गईरहेकोले सो संग सम्बन्धित सूचना स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र मार्फत सर्वसाधारणको जानकारीको लागि सम्प्रेषण हुन अनुरोध भै आएकोले उक्त सूचना सर्वसाधारणले जानकारी पाउने गरी सम्प्रेषणमा सहजिकरणको लागि आदेशानुसार सादर अनुरोध छ ।
**संलग्न** : सूचनाको छाँयाप्रति पाना ५ थान ।

(किसान न्यौपाने)
शाखा अधिकृत

**बोधार्थ:**
श्री लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र,
त्रिपुरेश्वर, काठमाण्डौ ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

पत्र सं.:- २०७७/७८
चलानी नं.:- ४८८

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४
मिति:- २०७७/१०/०९

श्री स्थानीय तह (सबै)।

विषय:- सीपमूलक तालिम सञ्चालन सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. ०७७/७८, च.नं. /PMEP/२४०, मिति २०७७/१०/०८ को सीपमूलक तालिम सम्बन्धी जानकारी सम्बन्धी पत्र र सो सँग प्राप्त सूचनाको छाँयाप्रति थान ५(पाँच) संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सीपमूलक तालिम सञ्चालनको सूचना सर्वसाधारणले जानकारी पाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

..............................
चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ:

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार।
श्री लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वर, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखा:- वेबसाइटमा अपलोड गरिदिनुहुन।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

# तालिमको आवेदन दिने म्याद थप सम्बन्धी सूचना

(वेबसाइटमा प्रकाशित मिति २०७७।१०।१२)

यस लघु, घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्रले यस आ.व. २०७७।७८ मा विभिन्न ६० वटा सीपमूलक, सीप अभिवृद्धि एवं उद्यमशीलता विकास तालिम लिन इच्छुक व्यक्तिहरुलाई अनलाईन आवेदन पेश गर्न मिति २०७७।९।२२ को प्रकाशित सूचनाको म्याद थप गरी मिति २०७७।१०।२५ सम्म कायम गरिएको हुनाले यस केन्द्रको वेबसाइट www.mcsipc.gov.np मा गई मिति २०७७।१०।२५ भित्र अनलाईन आवेदन पेश गर्नुहुन जानकारी गराईन्छ ।थप जानकारीका लागि वेबसाईटमा हेर्नुहुन अनुरोध छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

<u>सूचना नं. १</u>

(गोरखापत्रमा प्रकाशित मितिः- २०७७/९/२२)

## <u>तालीम सम्बन्धी सूचना</u> ।

प्रस्तुत विषयमा यस लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको वार्षिक कार्यक्रम अनुसार यस आ.ब. २०७७/०७८ मा विभिन्न ६० वटा सीपमूलक, सीप अभिवृद्धि एवम् उद्यमशीलता विकास तालीम सञ्चालन हुनेहुँदा तालीम लिई भविष्यमा उद्यम व्यवसाय गर्न इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र अनलाइन आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । मुलुकभरका दुरदराजबाट पनि केन्द्र नआएर नै आवेदन दिन सकियोस् र मितव्ययी होस् भनेर यस केन्द्रको वेवसाइटमा रहेको अनलाइन पोर्टलमार्फत अनलाइन आवेदन गर्ने व्यवस्था मिलाइएको छ। यस केन्द्रको वेवसाइट www.mcsipc.gov.np मा गएर आवेदन पेश गर्नुहुन जानकारी गराइन्छ । उक्त वेबसाइटमा आवेदकको योग्यता, तालीमका किसिम एवम् अन्य विस्तृत बिवरण उपलब्ध रहेको व्यहोरासमेत जानकारी गराइन्छ ।

<u>सूचना नं. २</u>

(गोरखापत्रमा प्रकाशित मितिः- २०७७/९/२२)

## <u>प्रशिक्षकको सूचि (Roster) मा नाम समावेश गर्नेसम्बन्धी सूचना</u> ।

यस केन्द्रबाट विभिन्न ६० विषयका सीपमूलक तथा उद्यमशिलता विकास तालीम सञ्चालन गर्न आवश्यक पर्ने प्रशिक्षकको सूचि (Roster) निर्माण गर्नुपर्ने भएकोले सम्बन्धित विषयको सूचिमा समावेश हुने बारेको सूचना यस केन्द्रको वेवसाइट www.mcsipc.gov.np मा मिति २०७७/९/१९ मा प्रकाशित गरिएको हुनाले उक्त सूचना बमोजिमको कागजातसहित सम्वन्धित विषयको सूचिमा समावेश हुन दरखास्त पेश गर्नुहुन जानकारी गराइन्छ ।

# तालीम सम्बन्धी विस्तृत विवरण

(मिति २०७७।०९।२२ मा प्रकाशित सुचना नं.१ सँग सम्बन्धित)

१. प्रशिक्षार्थीलाई तालीममा सहभागी भएवापत् कुनै शुल्क लाग्ने छैन।

२. प्रशिक्षार्थीमा हुनुपर्ने योग्यताः- नेपाली नागरिक, १८ वर्ष उमेर पुरा भएको, सीप अभिवृद्धि (एडभान्स) तालीममा सहभागी हुन चाहने प्रशिक्षार्थीले यस अघि आधारभूत तालीम लिएको कागजात र कुनै पेशा व्यवसाय वा रोजगार/स्वरोजगारमा आवद्ध भएको भए त्यस्तो पेशा वा व्यवसाय स्तरोन्नति गर्ने व्यवसायिक योजना पेश गर्नुपर्नेछ ।(व्यवसायिक योजना संक्षिप्तमा बढीमा २ पेज)

३. गरिव, आर्थिक रुपले विपन्न, दलित, जनजाति, आदिवासी, महिला, मधेसी एवम् सिमान्तकृत पिछडिएका अल्पसंख्यक व्यक्ति, अपाङ्ग, शहिद परिवार, द्वन्द्व पीडित व्यक्तिहरु, रोजगार सूचना केन्द्रमा सूचिकृत वेरोजगार तथा अर्ध बेरोजगार लगायत यस केन्द्रको बेवसाईटमा रहेको लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालीम कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ४ ले तोकेको लक्षित समूहमा पर्ने व्यक्तिहरुलाई विशेष प्राथमिकता दिइनेछ । लक्षित समूहमा पर्ने भन्ने खुल्ने कागजात पेश गर्नुपर्नेछ ।

४. वार्षिक कार्यक्रमको लक्ष्य, आवेदकको रुची संख्या एवम् भौगोलिक अवस्थिति, आवेदकले पेश गरेको व्यवसायिक योजना, लक्षित वर्गको पहिचान, क्षेत्रगत तालीम सञ्चालन व्यवस्थापन जस्ता मापदण्डहरुको आधारमा प्रशिक्षार्थीहरु तथा तालीमको संख्या छनौट गरिनेछ ।

५. तालीम सञ्चालन हुने समयावधि एवम् स्थानको जानकारी छनौट भएका आवेदकलाई केन्द्रको वेबसाइट तथा इमेलमार्फत् जानकारी गराइनेछ ।

५.१ तालीम सञ्चालन हुने स्थानः- प्रशिक्षार्थीहरुले अनलाइन आवेदन मार्फत् रुचिअनुसार तालीम सञ्चालन हुने स्थान छनौट गरेतापनि यस केन्द्रले स्रोतसाधन, भौतिक पूर्वाधार, बजेट, प्रशिक्षक उपलब्धता जस्ता सीमाभित्र रहेर छनौट हुने स्थान नै लागु गरिनेछ ।

६. म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

७. तालीम सञ्चालन हुने अवधि हाललाई प्रस्तावित मात्र भएकोले पछि सामान्य हेरफेर हुन सक्नेछ ।

८. उपयुक्त संख्यामा आवेदन प्राप्त नभएमा वा अन्य कुनै कारणले अंशिक वा पूर्णरुपले तालीम कार्यक्रम संसोधन एवम् रद्द गर्न सकिनेछ ।

९. दरखास्त पेश गर्नुपर्ने अन्तिम मितिः- २०७७।१०।१३ (सूचनामा तोकिएको समायावधिभित्र)

१०. थप जानकारीको लागि केन्द्रको website मा उल्लेखित केन्द्रको ठेगाना र सम्पर्क नम्बरमा सम्पर्क गर्न सकिनेछ।

११. अनलाइन आवेदन गर्नुपर्ने विवरण एवम् कागजातहरु नभरेको/प्राप्त नभएको वा स्पष्ट नभएको कारण आवेदन रद्द हुन सक्ने भएकोले आवेदकले आवेदन SUBMIT गर्नुभन्दा पहिले राम्ररी रुजु गर्नुपर्नेछ ।

१२. प्रशिक्षार्थीले तालीममा सहभागी भएवापत् कुनै पनि प्रकारको भत्ता एवम् सुविधा पाउने छैन ।

१३. लामो अवधिको तालीमहरु कार्यविधिअनुसार परामर्शदाताबाट सञ्चालन गर्दा समय तालीकाले यस आ.ब. भित्रमा गर्न नभ्याउने भएमा यस प्रवर्द्धन केन्द्रले आफ्नो कार्यविधि बमोजिम सोझै वा तोकिएको अन्य विधि बमोजिम सञ्चालन गर्न सक्नेछ ।

१४. प्रशिक्षार्थीहरुले आफू छनौट भएको सूचना, तालीम सञ्चालन हुने स्थान, समय र मितिको जानकारी समय समयमा यस केन्द्रको website हेरी स्वयम् प्रशिक्षार्थीहरुले प्राप्त गर्नुपर्नेछ । यस सम्बन्धमा छुट्टै व्यक्तिगत सूचना दिनुपर्ने गरी माग वा गुनासो आएमा कुनै सुनुवाई गरिने छैन।

१५. दुईभन्दा बढी तालीमको आवेदन दिन सकिने छैन । एक जनाले सकभर आफ्नो व्यवसायिक रुची अनुसार एक तालीमको छनौट गर्ने निवेदकलाई प्रोत्साहन गरिनेछ ।

१६. **<u>अनलाइन निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु (pdf फाइल वा इमेज फाइल )</u> :-** निम्न कागजातहरु अनलाइन आवेदनसँगै पेश गर्नुपर्नेछ।

क) नेपाली नागरिकताको प्रमाणपत्र

ख) पासपोर्ट साईजको फोटो

ग) शैक्षिक योग्यताको प्रमाणपत्र

घ) एडभान्स प्याट्रन सिलाई, फेसन डिजाइन, बेकरी एड्भान्स जस्ता सीप अभिवृद्धि (एडभान्स) तालीममा सहभागी हुन चाहने प्रशिक्षार्थीले यस अघि आधारभूत तालीम लिएको प्रमाणपत्र

ङ) लक्षित समूहमा पर्ने भन्ने खुल्ने कागजात

च) व्यवसायिक योजना संक्षिप्तमा बढीमा २ पेज

१७. संचालन हुने तालीमका बिषयहरुः संचालन हुने तालीमका बिषयहरुको सूचि निम्न तालिकामा राखिएका छन् ।

| सि.नं. | तालीमको विषय | तालीम अवधि | छनोट हुने संख्या जना |
|---|---|---|---|
| १ | हाउस वायरिङ | २ महिना | ७५ |
| २ | उद्यमशीलता विकास | ७ दिन | ६०० |
| ३ | खाद्य प्रशोधन | १० दिन | ७५ |
| ४ | बेसीक प्याट्रन सिलाई | २ महिना | १२० |
| ५ | एडभान्स प्याट्रन सिलाई | २ महिना | ९० |
| ६ | फेसन डिजाइन | २ महिना | ६० |
| ७ | हाते इम्ब्रोईडरी | २ महिना | १०५ |
| ८ | मेसिन इम्ब्रोईडरी | २ महिना | ४५ |
| ९ | क्रिष्टल सामग्री उत्पादन | १ महिना | २१० |
| १० | मखमल,ढाका जुत्ता, चप्पल उत्पादन | १ महिना | १२० |
| ११ | हाते कागज र फेल्ट उत्पादन | १ महिना | १२० |
| १२ | कागज वस्तु र स्क्रिन प्रिन्ट | १ महिना | ४५ |
| १३ | रबर वोल्डिङ र रेजिनका वस्तु उत्पादन | १५ दिन | ६० |
| १४ | बेकरी एड्भान्स | १५ दिन | २१० |

| | | | |
|---|---|---|---|
| १५ | व्यूटिसीयन (बेसिक) | २ महिना | २१० |
| १६ | व्यूटिसीयन (एड्भान्स) | २ महिना | ९० |
| १७ | डल बनाउने | १ महिना | ४२० |
| १८ | प्लम्बिङ्ग | २ महिना | १८० |
| १९ | मोवाइल मर्मत | २ महिना | २१० |
| २० | मोटरसाइकल मर्मत | २ महिना | १५० |
| २१ | Auto mechanic (गाडी मर्मत ४ चक्के) | २ महिना | ९० |
| २२ | कम्प्युटर मर्मत- हार्डवेयर | २ महिना | १५० |
| २३ | पानि तान्ने मेसिन (पम्प मर्मत तालीम) | १ महिना | ९० |
| २४ | कफि वारिष्टा | १५ दिन | २७० |
| २५ | बेकरी बेसिक | १० दिन | ५१० |
| २६ | जाम जेली सस | १० दिन | २१० |
| २७ | आलु र केरा चिप्स | ७ दिन | २१० |
| २८ | बेद बाँसको सामग्री | २ महिना | ९० |
| २९ | म्याक्रोनी बनाउने | ७ दिन | २१० |
| ३० | रबर स्ट्याम्प साइनवोर्ड | १ महिना | १२० |
| ३१ | सपिङ झोला | १५ दिन | २१० |
| ३२ | स्कुल व्याग बनाउने | ४५ दिन | २१० |
| ३३ | झोल साबुन | ७ दिन | २१० |
| ३४ | डल्लो साबुन | ७ दिन | २१० |
| ३५ | स्यानिटरी प्याड | १५ दिन | २४० |
| ३६ | कफि प्रोसेसिङ | १५ दिन | ६० |
| ३७ | दालमोट | ७ दिन | २१० |
| ३८ | पापड | ७ दिन | २१० |
| ३९ | दाना पशुपन्छी | १५ दिन | २१० |
| ४० | ट्रयाक्टर मर्मत | २ महिना | ६० |
| ४१ | इन्डस्ट्रियल वायरिङ | २ महिना | ६० |
| ४२ | बाटेको धुप | ७ दिन | २१० |
| ४३ | पेपर प्लाप्टिक प्लेट | १५ दिन | २१० |
| ४४ | वेलडिङ | १ महिना | २१० |
| ४५ | टायल मार्वल फिटिङ | २ महिना | ९० |
| ४६ | टिभी मर्मत | २ महिना | ९० |
| ४७ | अटोमोवाइल वायरिङ | २ महिना | ९० |
| ४८ | फेस मास्क बनाउने | ७ दिन | २४० |
| ४९ | स्यानिटाइजर बनाउने | ७ दिन | २४० |
| ५० | फिनेल हार्पिक | ७ दिन | ४२० |
| ५१ | टिस्यु पेपर | ७ दिन | १८० |
| ५२ | मायोनेज | ७ दिन | २१० |
| ५३ | दुध प्रशोधन | १ महिना | १२० |
| ५४ | कर्न फ्लेक्स | ७ दिन | २४० |

| | | | |
|---|---|---|---|
| ५५ | मोटर बायन्डिङ्ग | १ महिना | ९० |
| ५६ | केराको रेसा | १ महिना | २१० |
| ५७ | हर्वल सामग्री | १५ दिन | २१० |
| ५८ | सोलार जडान मर्मत | १ महिना | ६० |
| ५९ | फ्रिज एसी मर्मत | २ महिना | ६० |
| ६० | UPVC/Aluminum फेब्रिकेटर | २ महिना | ९० |

१८. अनलाइन पोर्टलमा दरखास्त पेश गर्ने तरिकाः-

क) केन्द्रको बेवसाईट www.mcsipc.gov.np मा गएर अनलाइन आवेदनमा Click गर्ने र User Agreement लाई Click गरी Accept गर्ने ।

ख) Register मा Click गर्ने ।

ग) apply.mcsipc.gov.np मा गएर पनि Register मा Click गर्न सकिने छ ।

घ) Register मा Click गरिसकेपछि I accept the User Agreement Click गर्नुपर्ने छ ।

ङ) नाम Email, Password राख्ने र "I accept" र "I am not Robot" मा Click गर्ने, "दर्ता गर्नुहोस्" मा Click गर्ने, ३ मिनेटपछि Email खोल्ने ।

च) Email मा आएको "Verify your Email Address" भन्ने Link बाट माथि राखिएको Email र Password राखी log in गरी Form भर्न सुरु गर्ने । Email र Password सुरक्षित राख्नुपर्ने छ । विवरणहरु सुचना अवधिभित्र पटकपटक हेर्न र प्रिन्ट गर्न एवम् Update गर्न सक्नुहुनेछ ।

छ) फारमहरुका सबै महलहरु अनिवार्य रुपमा उपयुक्त जानकारी राखेर भर्नुपर्नेछ ।

ज) व्यक्तिगत, तालीम, शैक्षिक, अनुभव लगायतका बिवरण भरी कागजातहरु समेत अपलोड गरेपछि निवेदन/दरखास्त खण्डमा Click गरी आवश्यक बिवरण भरेर Apply मा Click गर्नुपर्नेछ । व्यवसायिक योजना अपलोड गर्ने वा अनलाईनमा नै टाईप पनि गर्न सकिने वैकल्पिक व्यवस्था रहेको छ ।

झ) Apply गरेपछि प्रवेश पत्र लाई प्रिन्ट गरी राखु पर्नेछ ।यस केन्द्रबाट छनौट भए नभएको बारे केन्द्रको बेवसाइटमा सूचना प्रकाशन गरी तालीम केन्द्रसमेत तोक्नेछ । उक्त तालीम केन्द्रमा छनौट भएपछि प्रिन्ट भएको Slip सहित आउनुपर्नेछ ।

# लघु घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र

**प्रस्तावित व्यवसायिक योजनाको नमूना**

१.कम्पनी वा परियोजनाको प्रस्तावित नामः

२.परियोजनाको उद्देश्य

३.परियोजनाको कार्यक्षेत्र

४.कम्पनीको पूँजीको ऋण/अनुदान वा स्व पूँजी

५.उद्योग/ कम्पनीमा प्रयोग गर्ने प्रविधिको नाम र लागत

६.वार्षिक अनुमानित/ मासिक अनुमानित उत्पादित क्षमता

७.वार्षिक/मासिक ग्राहकहरुको संख्या

८.बजार प्रणाली र सम्भाव्यताको अनुमान

९.वार्षिक अनुमानित लागत खर्च र आम्दानी

१०. प्रत्यक्ष सम्भावित रोजगारी वा अप्रत्यक्ष रोजगारीमा पुग्ने

११. उत्पादित वस्तु तथा सेवालाई अन्य उद्योग, कलकारखाना वा उपभोक्ताहरुले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने सम्भावन के छ

१२. आगामी तीन वर्ष भित्रमा गर्ने र गर्न सकिने योजनाको रुपरेखा